स्थापना.२०४५सन १९८८ का.जि.द.न.१४९।०५३।०५४

# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal
केन्दीय कार्यालय, अनामनगर, काठमाण्डौं (Central Office, Kathmandu)

**मिति-२०७४/४/३०**

## वाढी- पैरो प्रकोप सम्वन्धमा
## नेपाल मानव अधिकार संगठनको अपील

केही दिनयता नेपालका करिव-करिव सवै स्थानमा अस्वाभाविकरुपमा आएको वर्षा र त्यसवाट उत्पन्न वाढीपैरो लगायतका प्रकोपवाट देशैभर ठूलो धनजनको क्षती हुनुका साथै भौतिक पूर्वाधार भत्केका, हजारौंको सङ्ख्यामा सर्वसाधारण जनताको घरवास विनास भएका र करिव १०० जनाको दुखद मृत्यु र त्यतिकै सङ्ख्यामा नागरिक वेपत्ता भएको घटनाले हामी सवैलाई अत्यन्त दुःखि वनाएको छ ।

यस राष्ट्रिय विपदमा हामी सम्पूर्ण वाढी र पैरोको प्रकोपका कारण परिवार सदस्य गुमाएका प्रति समवेदना प्रकट गर्दै नेपाल सरकार र सवैको सामुहिक एवं संगठित प्रयासवाट उद्धार एवं राहत वितरण र वास व्यवस्थापन कार्य यथासिघ्र हुनेछ भन्ने अपेक्षा गर्दछौं ।

यस विपद्मा हामी **संगठनको केन्द्रीय कार्यकारिणी समिति, ७५ वटै जिल्ला शाखाका सभापति , पदाधिकारी एवं जिल्ला कार्यसमितिका सदस्यज्यूहरुलाई नेपाल सरकारको नीति वमोजिम जिल्ला प्रशासन कार्यालय , निर्वाचित जनप्रतिनिधि, नेपाली सेना ,प्रहरी र राष्ट्रसेवक कर्मचारी एवं नागरिक समाजसँग समन्वय र सहकार्यगरी उद्धार एवं राहत वितरण कार्यमा** सहयोग गर्न अपिल गर्दछौं ।

**ईन्द्र प्रसाद अर्याल**

**अध्यक्ष**